# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

मिति: 2083/2/6

**निष्कृय रहेका सहकारी संस्थाहरुलाई विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा भीमेश्वर नगरपालिकाबाट जारी सहकारी ऐन २०७४ को दफा ७४ अनुसार सहकारी सस्थाहरुले आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्रमा संस्थाको निरीक्षण सम्बन्धी एकीकृत बार्षिक प्रतिवेदन बुझाउनु पर्ने, पौष मसान्त भित्रमा संस्थाको बार्षिक साधारण सभा सम्पन्न गरी सो को प्रतिवेदन नियामक निकाय समक्ष पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको छ । सो प्रावधान अनुसार लेखा परिक्षण र साधारण सभा सम्पन्न गरी तोकिएको समयमा विवरण पेश गर्न पटक पटक सार्वजनिक सूचना र पत्राचार मार्फत अनुरोधलाई बेवास्ता गरी कुनै पनि विवरण पेश नगरेको र कतिपय सहकारी संस्था अनुगमनको क्रममा समेत सम्पर्कमा नआएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा नगरपालिकाको सहकारी शाखामा विवरण पेश गर्नुहुन २०८३/२/५ गतेको आर्थिक विकास समितिको निर्णय अनुसार सबै सरोकारवाला सहकारी संस्था तथा व्यक्तिहरुका लागि यसै सूचना मार्फत जानकारी गराइन्छ । नगरपालिकामा लामो समय देखि विवरण पेश नगरेका तपशिलमा उल्लेखित सहकारी संस्थाहरुले नगरपालिकाको स्वीकृति बिना सदस्यहरुसंग कारोबार नगर्नु/नगराउनु हुन, कुनै पनि व्यक्तिले उल्लेखित सहकारी संस्थाको सदस्य भई कारोबार गरेको भएमा वा सहकारीबाट लिनुपर्ने हिसाब भएमा सम्बन्धित सहकारीसँग गरेको कारोबारको प्रमाण सहित यो सूचना प्रकासन भएको मितिले ३५ दिन भित्र सम्बन्धित सहकारी संस्थामा निवेदन गर्नु हुन र सो सहकारी संस्थाबाट दिनु पर्नेरकम फिर्ता नभएमा नगरपालिकामा जानकारी गराउनुहुन अनुरोध गरिन्छ । उल्लेखित मितिमा विवरण पेश नगर्ने सहकारी संस्था र सदस्यको दायित्व फिर्ता गर्न बाँकी रहेको सहकारी संस्था र संस्थाका संचालकहरुलाई नियामानुसार कारबाही हुने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै उक्त सहकारी संस्थाहरुको दर्ता खारेजी प्रकृयामा लैजान सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| क्र.सं | सहकारीको नाम थर | दर्ता नं | दर्ता मिति | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १। | नेकी सहकारी संस्था लि | ००१ | २०७७/५/२९ | भीनपा ३ | दर्तापछि सहकारीबाट नपामा विवरण पेश |
| २। | सुस्पाक्षमावती उपभोक्ता सहकारी संस्था लि . | १३४० | २०६६/२/१४ | भीनपा १ | |
| ३। | सक्रिय उद्यमी कृषि सहकारी संस्था लि . | ८२८ | २०७२/९/३० | भीनपा ८ | |
| ४। | तरकारी बाली कृषक सहकारी संस्था लि . | ६९१ | २०५८/११/२७ | भीनपा ३ | |

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा, बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मितिः

| | | | | | |
|---|---|---|---|---|---|
| ५। | गणतान्त्रिक उपभोक्ता सहकारी संस्था लि . | ४९४ | २०६६/१/२८ | भीनपा ३ | |
| ६। | उखुवारी दुग्ध उत्पादन सहकारी संस्था लि . | ८४१ | २०७३/९/२२ | भीनपा ७ | |
| ७। | बोच उपभोक्ता सहकारी संस्था लि . | १३६३ | २०६६/३/८ | भीनपा ८ | |
| ८। | निलगिरी बहुउद्देश्यीय सहकारी संस्था लि . | १४७ | २०५१/५२ | भीनपा २ | |
| ९। | सालिग्राम कृषि सहकारी संस्था लिमिटेड | | | भीनपा ४ | |
| १०। | नव निर्माण बचत तथा ऋण सहकारी संस्था लि | १३८२ | २०६६/३१९ | भीनपा २ | |
| ११। | जलभैरव पर्यटन सहकारी संस्था लिमिटेड | | | भीनपा २ | |
| १२। | किसान उत्थान व्यवशायिक पशु पालन सहकारी संस्था लिमिटेड | ५०३ | ,२०६७/६/०३ | भीनपा ६ | |
| १३। | छिजि बालकु कृषक सहकारी संस्था लि | ८८० | २०५६/१/२३ | भीनपा २ | |
| १४। | नारी जागरण महिला सहकारी संस्था | २७१ | २०५३/०५/३१ | भीनपा २ | |

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत